आज मिति २०७७।०८।१९ गते शुक्रबार यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को पाँचौ  कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ……………………………………………………………
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ……………………………………………………………
३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ……………………………………………………………
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………
५. वडा अध्यक्ष : श्री मदन गौतम ……………………………………………………………
६. वडा अध्यक्ष : श्री श्रीप्रसाद सिगु ……………………………………………………………
७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ……………………………………………………………
८. वडा अध्यक्ष : श्री कृष्ण वा यवा ……………………………………………………………
९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ……………………………………………………………
१०. का पा सदस्य श्री कामुदा गुरुङ ……………………………………………………………
११. का पा सदस्य श्री मेनुका देवी बजगाई ……………………………………………………………
१२. का पा सदस्य श्री माया कन्दङवा ……………………………………………………………
१३. का पा सदस्य श्री विष्णुकला उभरकोटी ……………………………………………………………
१४. का पा सदस्य श्री टिकाराम धमला ……………………………………………………………
१५. का पा सदस्य श्री दुर्गामाया परियार ……………………………………………………………
१६. सदस्य सचिव श्री बिक्रम लिम्बु ……………………………………………………………

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई………………………………………………
१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना………………………………………

**<u>प्रस्तावहरु :-</u>**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।

२. गाउँपालिकाको प्रशासकीय भवनका लागि प्राप्त नि:शूल्क जग्गालाई स्वामित्वमा ल्याउने प्रकृयाका सम्बन्धमा।

३. औधोगिक ग्राम सञ्चालनका लागि प्राप्त नि:शूल्क जग्गालाई स्वामित्वमा ल्याउने प्रकृयाका सम्बन्धमा।

४. हिलिहाङ गाउँपालिकाको श्रव्य/दृश्य डकुमेन्ट्री निर्माण सम्बन्धमा।

५. नदीजन्य पद्धार्थको ठेक्का सम्बन्धी दरभाउपत्रदातालाई छूट दिने सम्बन्धमा।

६. शिक्षा शाखा सँग सम्बन्धित विषयहरुका सम्बन्धमा।

७. पर्यटन गाउँ छनौट सम्बन्धमा।

८. स्पार्क विधुत सहकारीको माग निवेदन सम्बन्धमा।

९. विविध।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

तपसिल

| सि न | पत्र पठाउने निकाय | पत्रको विषय/व्यहोरा | पत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आर्थिक प्रशासन शाखा | लेखापरीक्षण एवं सम्परीक्षण गराउने बारे | २०७७।०८।०५ |
| २ | भूमि सम्बन्धी समस्या समाधान आयोग | भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीको लगत संकलनकार्यको आवश्यक तयारी गर्न अनुरोध | २०७७।०८।१५ |
| ३ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपद व्यवस्थापन शाखा | वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को कार्यान्वयनको प्रकृया सरलीकरण सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय को मिति २०७७।०३।१४ मा भएको निर्णयहरु | २०७७।०८।१४ |
| ४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ | सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण सम्बन्धमा। | २०७७।०८।१६ |
| ५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) | नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०७७।०७।२४ को निर्णयानुसार सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ कार्यान्वयन गर्ने | २०७७।०८।१७ |
| ६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह क्षमता विकास शाखा | स्थानीय तहका न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्यक्रमको तर्जुमा गर्न हाल सम्मको उजुरी संख्या, उजुरी फछर्योट संख्या र बैठक संख्याको विवरण माग | २०७७।०८।१४ |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा | २९ औ अन्तराष्ट्रीय अपाङगता दिवस मनाउने सम्बन्धमा। | २०७७।०८।१४ |
| ८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा | ५/१०/१५ शैय्याको अस्पताल निर्माण सम्बन्धमा। | २०७७।०७।२८ |
| ९ | सघन शहरी तथा भवन निर्माण आयोजना झापा | सर्वेक्षण फाराम भरी पठाईदिने सम्बन्धमा | २०७७।०८।१२ |
| १० | उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय (औधोगिक तथा लगानी प्रवर्द्धन | गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रम (मेडपा) सम्बन्धमा। | २०७७।०७।०४ |

| | | | |
|---|---|---|---|
| | महाशाखा) | | |
| ११ | उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय (औधोगिक तथा लगानी प्रवर्द्धन महाशाखा) | मेडपा कार्यक्रममा परिचालन हुने उधम विकास सहजकर्ता सम्बन्धमा। | २०७७।०८।१२ |
| १२ | जिल्ला मालपोत कार्यालय पाँचथर | सरकारी कार्यालय निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा। | २०७७।०८।१५ |
| १३ | प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय विराटनगर | पर्यटन गाउँ छनौट सम्बन्धमा | २०७७।०७।२६ |
| १४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ को कार्यान्वयनको अवस्था अनुगमन भईरहेकोले यस कार्यालयमा दर्ता हुन आएका उजुरीहरुको संख्या माग | २०७७।०७।२६ |
| १५ | गृह मन्त्रालय - राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने बारे। | २०७७।०८।०७ |
| १६ | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपद व्यवस्थापन शाखा | विपद सम्बन्धी वार्षिक प्रतिवेदन बुझाउने सम्बन्धमा | २०७७।०८।०४ |
| १७ | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सामाजिक समावेशीकरण शाखा | लैंङगिक हिंसा विरुद्वको १६ दिने अभियान सम्बन्धमा। | २०७७।०८।०८ |
| १८ | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा | विधुतीय सरकारी लेखा प्रणाली CGAS र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS अनिवार्य लागू गर्ने सम्बन्धमा | २०७७।०८।०७ |
| १९ | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सामाजिक समावेशीकरण शाखा | गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्वार सम्बन्धी सूचना सम्प्रेषण सम्बन्धमा। | २०७७।०८।०९ |
| २० | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सामाजिक समावेशीकरण शाखा | राष्ट्रिय समावेशी आयोगको पत्रानुसार पिछडा वर्ग तथा सरोकारवालाहरुको सशक्तिकरण र क्षमता विकासमा आवश्यक बजेट विनियोजन सम्बन्धमा। | २०७७।०८।१० |
| २१ | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | जडान प्रमाणित पत्रको व्यहोरा सम्बन्धमा। | २०७७।०८।०८ |
| २२ | शिक्षा विकास तथा समन्वय ईकाइ | जुम बैठक सम्बन्धमा | २०७७।०८।१६ |
| २३ | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | कर्जा असुल उपरका लागि आवश्यक सहयोग गरिदिने बारे | २०७७।०८।०३ |
| २४ | सिभिल बैंक गोपेटार शाखा | कर्जा असुली गर्ने प्रयोजनार्थ सुविधा रोक्का गर्ने सम्बन्धमा। | २०७७।०८।१२ |
| २५ | संघीय खानेपानी तथा ढल व्यवस्थापन | श्री सुभाङ बृहत पम्पिङ खानेपानी तथा | २०७७।०८।१४ |

| | | | |
|---|---|---|---|
| | आयोजना ईलाम | सरसफाई उपभोक्ता समितिलाई जानकारी गराईएको सम्बन्धमा | |
| २६ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | निर्णय कार्यान्वयन सम्बन्धमा | २०७७।०८।०५ |
| २७ | शहरी विकास तथा भवन निर्माण विभाग | जानकारी सम्बन्धमा | २०७७।०७।२३ |
| २८ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १७ औ राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउने परिपत्र | २०७७।०८।१७ |
| २९ | परराष्ट्र मन्त्रालय कन्सुलर सेवा विभाग | कन्सुलर प्रमाणीकरण सम्बन्धमा | २०७७।०८।०८ |
| ३० | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | नवीकरण छुट भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा | २०७७।०८।१८ |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक जग्गा नि:शूल्क रुपमा प्राप्त गर्न मिति २०७७/०३/०९ गतेको गाउँ कार्यपालिका बैठकले निर्धारण गरेको चारकिल्ला सिमानाका आधारमा र मिति २०७७/०५/१२ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. ९ बमोजिम गाउँ कार्यपालिकाद्वारा मिति २०७७/०५/१४ गते प्रकाशित प्रशासकीय भवन निर्माणका लागि नि:शूल्क दानपत्रको रुपमा जग्गा उपलब्ध गराउने बारेको सूचनामा तोकिएको समयवधिभित्र रीतपूर्वक प्राप्त हुन आएका ४ वटा प्रस्तावहरु माथी छानवीन गरी गाउँ कार्यपालिकालाई उपयुक्त जग्गा सिफारिस गर्ने प्रयोजनका लागि गाउँ कार्य कार्यपालिकाले मिति २०७७/०६/१८ गते गठन गरेको जग्गा छनौट तथा सिफारिस समितिले उक्त प्रस्तावित जग्गाहरुको पटक पटक स्थलगत निरिक्षण गरी मिति २०७७/०७/०५ गतेको गाउँ कार्यपालिका बैठकमा तपसिल अनुसारका जग्गादाताहरुको प्रस्तावलाई छनौट गरि सिफारिस गरेको र उक्त समितिको सिफारिस बमोजिम नै सोही कार्यपालिका बैठकले सर्वसम्मतिले अनुमोदन समेत गरिसकेको छ।

तपसिल :

| क्र स | जग्गादाताहरुको नाम, थर | ठेगाना | कित्ता नं. | जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|
| १ | पूर्णी लिम्बुनी | | ८६ | ९-०-०-० |
| २ | आइन्द्र कुमार योङहाङ | | ८-क-१८२ | १-०-०-० |
| ३ | देउ प्रकाश योङहाङ | | ८-क-१८३ | १-०-०-० |
| ४ | कृष्ण बहादुर योङहाङ | | ८-क-८७ | ३-०-०-० |
| | | | ८-क-८५ | १-१-१-१ |
| | जम्मा क्षेत्रफल | | | १५-१-१-१ |

माथी उल्लेखित जग्गादाताहरुले गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि नि:शूल्क दानपत्रको रुपमा प्रदान गरेको जग्गाहरुलाई यस हिलिहाङ गाउँपालिकाको नाममा पास गर्न नेपाल सरकार (माननिय मन्त्रीस्तर) भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७६/१०/१२ गते भएको निर्णयानुसार (सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी संयोजक रहेको समिति) श्री जिल्ला प्रशासन कार्यालय, फिदिम, पाँचथरलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. - ३**

औधोगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७५ बमोजिम यस गाउँपालिकामा पनि एक औधोगिक ग्राम स्थापना गर्ने प्रयोजनका लागि मिति २०७७/०५/१२ गते गठित जग्गा प्राप्ति समितिले मिति २०७७/०६/१८ गते बसेको गाउँ कार्यपालिका बैठकमा पेश गरेको प्रतिवेदन अनुसार तपसिल अनुसारका जग्गादाताहरुले नि:शूल्क दानपत्रको रुपमा प्रदान गर्न चाहेको ३० रोपनी जग्गालाई गाउँ कार्यपालिका बैठकले औधोगिक ग्राम स्थापनाका लागि सर्वसम्मतिले अनुमोदन गर्यो ।

तपसिल

| क्र स | जग्गादाताहरुको नाम, थर | ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | निमा शेर्पा | हिलिहाङ ३ | ७४ | ४-०-०-० |
| २ | पेम्बा शेर्पा | हिलिहाङ ३ | ७६ | ४-०-०-० |
| ३ | छागी शेर्पा | हिलिहाङ ३ | २३६ | ४-०-०-० |
| ४ | लाक्पा वाङ्गेल शेर्पा | हिलिहाङ ३ | | ५-०-०-० |
| ५ | पाल्देन शेर्पा | हिलिहाङ ३ | | ५-०-०-० |
| ६ | दानुपु शेर्पा | हिलिहाङ ३ | | ५-०-०-० |
| ७ | ग्याल्वु शेर्पा | हिलिहाङ ३ | ७३ | ४-०-०-० |
| | जम्मा क्षेत्रफल | | | ३१-०-०-० |

माथी उल्लेखित जग्गादाताहरुले गाउँपालिकालाई औधोगिक ग्राम स्थापनाका लागि नि:शूल्क दानपत्रको रुपमा प्रदान गर्न चाहेको जग्गाहरु औधोगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७५ बमोजिम नै रहेकोले उक्त जग्गाहरुलाई गाउँपालिकाको स्वामित्वमा ल्याउने प्रकृयाका लागि श्री जिल्ला प्रशासन कार्यालय, फिदिम, पाँचथरलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ४**

हिलिहाङ गाउँपालिकाको आ. व. २०७७/७८ का लागी सातौ गाउँसभाले सभाबाट अनुमोदन गरेको कार्यक्रम हिलिहाङ गाउँपालिकाको पर्यटकीय स्थलहरुको चिनारी निर्माण (सि. नं. ६९ खर्च शीर्षक २२५२२ : रातो किताव) का लागि विनियोजित रु २,५०,००० (रु दुई लाख पचास हजार) मा आकष्मिक कोषबाट थप रु २,५०,००० गरी पछि हिउँदे अधिवेशनबाट अनुमोदन गर्ने गरी रकमान्तर गरी हिलिहाङ गाउँपालिकाको समग्र श्रव्य/दृश्य डकुमेन्ट्री निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क बमोजिम गाउँपालिकाले आफनो अधिकारक्षेत्र भित्र पर्ने आन्तरिक आय तर्फ नदिजन्य पद्बार्थको ठेक्का बन्दोवस्त गर्ने प्रयोजनका लागि मिति २०७६ माघ महिनामा जिल्ला समन्वय समितिमा पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्विकृत भई सोही प्रतिवेदनका आधारमा हिलिहाङ गाउँपालिकाले आ व २०७७/७८ को लागि आन्तरिक आय तर्फ नदिजन्य पद्बार्थको ठेक्का बन्दोवस्त गर्न पहिलो पटक मिति २०७७/०४/३२ मा विधुतीय माध्यमबाट ३० दिने सूचना आह्वान गरेकोमा सो अवधिभर कुनैपनि ठेक्का नपरेको त्यसपछि पुन गाउँ कार्यपालिका बैठकको निर्णयानुसार मिति २०७७/०६/२३ गते सुचना प्रकाशन गरिएकोमा म्याद भित्र कुनैपनि ठेक्का नपरेको हुँदा पुन मिति २०७७।०८।०८ गते तेस्रो पटक स्थानीय पत्रिका फिदिम टूडेमा ७ दिनको समय दिई सिलबन्दी आह्वान गरेकोमा तोकिएको म्यादभित्र ३ वटा सिलबन्दीहरु प्राप्त भई डाक

बढाबढमा उच्चतम अङक कबोल गर्ने श्री शेर्पा हाइड्रो कन्स्ट्रक्शन प्रा. लि. बौद्व काठमाण्डौले सम्झौताको समयमै निजले कवोल गरेको रकम एकमुष्ट बुझाउन चाहेमा कवोल अङकको अधिकतम १०% (दश प्रतिशत) सम्म छुट दिने निर्णय सर्वसम्मत ढङगले गरियो ।

**निर्णय नं. ६**

(क) विधालय भौतिक पूर्वाधार निर्माण अनुदानका सम्बन्धमा : विधालय भोतिक पूर्वाधार निर्माण अनुदानका कार्यक्रम कार्यान्वियन पुस्तिकाले तय गरेको सुचक विश्लेषण र विगत वर्षहरुमा विधालयहरुमा परेको यस प्रकृतिको कार्यक्रमले समेट्न नसकेका विधालयहहरुमा कायम रहेको आवश्यकता समेतका आधारमा निम्न विधालयहरुमा निम्न कार्यक्रम वितरण गर्ने निर्णय गरियो ।

- श्री अमरपुर मा वि हिलिहाङ १ र श्री सिद्वकाली मा वि हिलिहाङ ६ लाई ४ कोठे भवन फर्निचर सहित
- श्री मझैटार आ वि हिलिहाङ ४ र श्री वजिन्द्रकाली आ वि हिलिहाङ ७ लाई WASH सुविधा सहितको शौचालय

(ख) शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरणका कार्यक्रम कार्यान्वयन पुस्तिकाले तय गरेका सुचक विश्लेषण एवम विगत वर्षहरुमा विधालयहरुमा परेको यस प्रकृतिको कार्यक्रमले समेट्न नसकेका विधालयहहरुमा कायम रहेको आवश्यकता समेतका आधारमा निम्न विधालयहरुमा निम्न कार्यक्रम वितरण गर्ने निर्णय गरियो ।

- श्री सिद्वेश्वरी मा वि हिलिहाङ ७ लाई गणित, अङग्रेजी विज्ञान विषयमा क्रियाकलापमा आधारित KITS
- श्री सिंहपुर पशुपति मा वि हिलिहाङ २ र श्री सिरिजङ्ग मा वि हिलिहाङ ३ लाई माध्यमिक विधालयमा विज्ञान प्रयोगशाला
- श्री सिद्वेश्वरी मा वि हिलिहाङ ६ लाई माध्यमिक विधालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ किताव खरिद तथा ई - पुस्तकालय समेत)
- श्री सरस्वती मा वि हिलिहाङ ५ र श्री जयभवानी आ वि हिलिहाङ ७ लाई शिक्षण सिकाईमा ICT को प्रयोग (computer internet, connectivity & kits खरिद)
- श्री सिद्वेश्वरी मा वि हिलिहाङ ६, श्री शिवालय आ वि हिलिहाङ ३, श्री सिंहपुर पशुपति मा वि हिलिहाङ २, श्री निलगिरी मा वि हिलिहाङ ५ र श्री सिद्व मा वि हिलिहाङ ४ लाई तोकिएको सुचकाङकका आधारमा कार्यसम्पादन गर्ने विधालयलाई कार्यसम्पादनमा आधारित Performance based Grant

(ग) प्रदेश शिक्षा विकास निर्देशनालय धनकुटाले कोभिड १९ को संक्रमणले विधालयको पठनपाठनमा आएको समस्यालाई न्यूनीकरणको लागि तयार गरेको हेलो स्टुडेन्ट प्रोगामको लागि ४० प्रतिशतले हुन आउने रकम रु १००००० कोभिड सम्बन्धी प्रकोप व्यवस्थापन कोषबाट विनियोजन गरी निर्देशनालयसँग सम्जोता गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

(घ) शिक्षण सिकाई सहजीकरण निर्देशिका २०७७ र विधालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ को परिधि भित्र रही सम्बन्धित वडा कार्यालयहरु सँग समन्वय गरी वि व्य स ले निर्णय गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरी गराई यस गाउँपालिका अन्तर्गतका विधालयहरुमा पठनपाठन सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

उधोग पर्यटन वन तथा वातावरण मन्त्रालयले मिति २०७७।०७।२६ गते पठाएको पत्रानुसार यस हिलिहाङ गाउँपालिकाको वडा नं. ५ र ६ को सिमानामा रहेको जोरपोखरी क्षेत्र र वडा नं. ४ मा रहेको हिलिहाङ दरबार क्षेत्र लाई पर्यटन गाउँको रुपमा छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

हिलिहाङ गाउँपालिका वडा नं ३ र ४ स्थित रहेको स्पार्क विधुत सहकारी संस्थाले ९०/१० ग्रामिण विधुतीकरण कार्यक्रमका लागि यस क्षेत्रमा विजुली बाल्न गाउँपालिकालाई अनुदान मागेको सम्बन्धमा उक्त संस्थाले सबै शेयरसदस्यहरुको उपस्थितिमा साधारण सभा सम्पन्न गरेको स प्रमाण प्रतिवेदन र उक्त साधारण सभाबाट लेखापरिक्षण प्रतिवेदन अनुमोदन गरेको प्रमाण सहित अन्य आवश्यक कागजातहरु पेश गरेपछि मात्र अनुदान स्वरुप रु ५००००० (पाँच लाख मात्र) आकष्मिक कोषबाट प्रदान गरिने निर्णय गरियो ।

**निर्णय नं. ९**

हिलिहाङ गाउँपालिका वडा नं. ३ निवासी श्री घनश्याम अधिकारीको मतान र गोठ मिति २०७७।०८।०३ गते बिहानको करिव ९:३० बजे आगलागी भई सबै जलेर नष्ट भएकोले निजलाई राहत स्वरुप रु २०,०००/- (अक्षरेपी रु वीस हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।